का.जि.प्र.का.द.नं. १००/०५९/६०
२२ चैत २०८०,
बिहीबार
4 April 2024,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २२, अंक ५१ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com



# कांग्रेसको कित्तामा राप्रपा

चुनावी तालमेल गर्दै लामो समयदेखि नेकपा एमालेसँग साझेदारीमा रहँदै आएको राप्रपाले बुधबार संघीय संसद र प्रदेश सभामा कांग्रेससँग सहकार्य गर्ने निर्णय लिएको छ । योसँगै संघीय सरकारमा प्रतिपक्षमा रहेका दलहरुको प्रदेश सभामा सरकार बन्ने अवस्थाको सिर्जना गरिदिएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २१ चैत ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले कांग्रेसलाई साथ दिने भएको छ। कांग्रेस संघीय संसदमा सबैभन्दा ठूलो दल हो भने अधिकांश प्रदेश सभामा पनि पहलो दलको रुपमा रहेको छ । पहिलो दल भएर पनि प्रमुख प्रतिपक्षमा पुगेपछि कांग्रेसले राप्रपासको साथ खोजेको थियो। निरन्तरको पर्यासपछि राप्रपा कांग्रेसलाई साथ दिन तयार भएको छ ।


बुधबार काठमाडौंमा राप्रपाको पदाधिकारी बैठक बसेको थियो । उक्त बैठकले प्रदेश सरकार निर्माणका क्रममा एमाले नेतृत्वको सत्ता गठबन्धनलाई समर्थन नगर्ने निर्णय गरेको छ। राप्रपाका प्रवक्ता मोहन श्रेष्ठका अनुसार आफूहरुको समर्थनबिना सरकार नै नबन्ने परि स्थिति बनेमा समेत हाल कायम संघीय सरकार चलाइरहेको सत्ता गठबन्धनलाई समर्थन नगर्ने निर्णय भएको छ। अर्थात, प्रदेश सरकार निर्माणमा राप्रपाले कांग्रेस नेतृत्वमा बन्ने विपक्षी गठबन्धनलाई साथ दिनेछ ।

यो सँगै राप्रपाले राष्ट्रिय राजनीतिमा आफ्नो कित्ता फेरेको छ । ४ मंसिर २०७९ मा भएको आम चुनावमा चुनावी तालमेल गर्दै लामो समयदेखि एमालेसँग साझेदारीमा रहँदै आएको राप्रपाले बुधबार संघीय संसद र प्रदेश सभामा कांग्रेससँग सहकार्य गर्ने निर्णय लिएर कित्ता फेरेको हो। १० पुस २०७९ एमाले पहलमा प्रचण्ड प्रधानमन्त्री बन्दा राप्रपाले साथ दिएको थियो । राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन उपप्रधानमन्त्रीसहित सरकारमा सहभागी भएका थिए । पछि प्रचण्डले कांग्रेससँग गठबन्धन गरेपछि एमालेसँगै राप्रपा पनि सरकारबाट बाहिरिएको थियो ।

गत २१ फागुनमा प्रधानमन्त्री प्रचण्डले कांग्रेससँगको गठबन्धन फेरेर फेरि एमालेसँग नयाँ समीकरण बनाएपछि राप्रपाले कुनै निर्णय लिएको थिएन । एमालेले आफू नेतृत्वको सत्ता गठबन्धनमै रहन गरिरहेको आग्रह अस्वीकार गर्दै आएको राप्रपाले केन्द्रीय कार्यसम्पादन समितिको बैठकबाट प्रदेश सरकारलाई पार्टीले समर्थन गर्नुपरेको पृष्ठ २ मा

संसदमा निजामती विधेयक

# ट्रेड युनियनको विपक्षमा दलहरु



म विनम्रतापूर्वक सबै दलका शीर्ष नेतालाई आग्रह गर्न चाहन्छु- विधेयक पास गर्नुअघि हिम्मतका साथ ट्रेड युनियन राइटका बारेमा छलफल गर्नुपर्छ ।

**रघुजी पन्त**
सांसद, एमाले



यदि कर्मचारीले नै राजनीति गर्नुपर्ने हो भने खुलेर कुनै पार्टीसँग आवद्ध भएर निर्वाचित भएर आउनुपर्छ ।

**अब्दुल खान**
सांसद, जनमत पार्टी



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ चैत ।

प्रतिनिधि सभामा संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० माथि छलफल सुरु भएको छ। २१ फागुन २०८० मा दर्ता भएको यो विधेयकमाथि बुधबार सैद्धान्तिक छलफल भएको छ ।

विधेयकमाथिको सैद्धान्तिक छलफलमा भाग लिने सांसदहरु निजामती कर्मचारीमा ट्रेड युनियन रहने विषयको विपक्षमा उभिएका छन् । निजामती कर्मचारीमा एउटा आधिकारिक ट्रेड युनियन राख्न सकिने तर, राजनीतिक दल निकटका ट्रेड युनियन राख्न नहुने पक्षमा संसदमा रहेका सबै दलका सांसदहरु देखिएका हुन् ।

> निजामती कर्मचारीमा एउटा आधिकारिक ट्रेड युनियन राख्न सकिने, तर राजनीतिक दल निकटका ट्रेड युनियन राख्न नहुने पक्षमा संसदमा रहेका सबै दलका सांसदहरु देखिएका हुन् ।

नेकपा एमालेका सांसद रघुजी पन्तले अति राजनीतिकरणले नेपालको कर्मचारीतन्त्र आक्रान्त र विकृत रहेको बताए । उनले भनेका छन्, 'म विनम्रतापूर्वक सबै दलका शीर्ष नेतालाई आग्रह गर्न चाहन्छु- यो विधेयक पास गर्नुअघि हिम्मतका साथ ट्रेड युनियन राइटका बारेमा छलफल गर्नुपर्छ ।'

उनले यसो भन्दा आफूलाई समेत ट्रेड युनियनकाले आलोचना गर्न सक्ने भन्दै देशको हित हेर्न प्रधानमन्त्री र अन्य दलहरुलाई पृष्ठ २ मा

# देउवाको प्रस्तावमा असहमति



अरु दलहरु चुनावी प्रचारमा जुटिसके पनि संसदको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले उपनिर्वाचनका लागि उम्मेदवार टुंग्याउन सकेको छैन । बुधबारको बैठकमा सभापति शेरबहादुर देउवाले राखेको प्रस्तावमा अरु नेताहरुले असहमति जनाउँदा उम्मेदवार टुंगिन सकेन ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, २१ चैत ।

सभापति शेरबहादुर देउवाले राखेको प्रस्तावमा अरु नेताले असहमति जनाएपछि उपनिर्वाचनका लागि बुधबार पनि नेपाली कांग्रेसले उम्मेद्वार चयन गर्न सकेन। संसदीय बोर्डको बैठकमा सभापति देउवाले इलाम-२ मा डम्बर खड्का र बझाङ (क) मा अभिषेक सिंहलाई उम्मेद्वार बनाउनेबारे प्रस्ताव गरेका थिए ।

तर सभापति देउवाको प्रस्तावमा अरु नेताहरुले असहमति जनाए । विशेषगरी महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले असहमति जनाएको बैठकमा सहभागी एक नेताले बताए। ती नेताका अनुसार, महामन्त्रीहरु थापा र शर्माले इलाममा भेषराज आचार्यलाई टिकट दिनुपर्ने अडान राखेका थिए ।

सभापति देउवाले भने गत चुनावमा सुवास नेम्वाङसँग कडा प्रतिस्पर्धा गरेका खड्कालाई टिकट दिनुपर्ने प्रस्ताव गरेका थिए। 'अस्ति थोरैले मात्रै हारेको हो, अब जित्छ' देउवाको तर्क थियो। जिल्ला सभापति समेत रहेका खड्का एमालेका तत्कालीन उपाध्यक्ष एवं संविधानसभाका अध्यक्ष सुवास नेम्वाङसँग ११४ मतले पृष्ठ २ मा

एनआरएनएको दुई महाधिवेशन खारेज

# शेष घलेको नेतृत्वमा महाधिवेशन समिति



**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ चैत ।

सर्वोच्च अदालतले गैरआवासीय नेपाली संघ (एनआरएनए) को दुई वटा महाधिवेशनलाई अवैध ठहर गरेको छ। सर्वोच्चका न्यायाधीश सपना प्रधान मल्ल र नहकुल सुवेदीको इजलासले एनआरएनएको वर्तमान नेतृत्व र त्यसअघिको महाधिवेशनबाट आएको नेतृत्वलाई अवैध ठहर गरेको हो ।

दुवै महाधिवेशन विवादित बनेको थियो । गत कात्तिकमा सम्पन्न महाधिवेशनपछि बद्री केसी र आरके शर्माको नेतृत्वमा अलगअलग समिति गठन भएको थियो । तर सर्वोच्चले केसी र शर्मा दुवैको नेतृत्व खारेज गरिदिएको छ । यसअघि ८-११ चैत २०७८ मा पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# मन्त्री फेरिएसँगै निर्णय फेरिने वैदेशिक रोजगार

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ चैत

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकार वैदेशिक रोजगारीमा रहेका नेपालीको हक अधिकारका लागि गम्भीर रहेको बताएका छन् । राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष नेपाल सरकारको आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन पेस गर्दै प्रधानमन्त्री दाहालले मिटरब्याजलगायतका सामन्ती शोषणको चक्र अन्त्य गर्न र स्वदेश तथा वैदेशिक रोजगारीमा रहेका श्रमिकको अधिकार संरक्षणमा सरकारले ऐतिहासिक पहलकदमी लिएको उल्लेख गरेका छन् ।

प्रधानमन्त्री दाहालले विगतमा १३ देशमा रहेका नेपाली राजदूतहरूलाई काठमाडौं बोलाएर तीनदिने छलफल गरेका थिए भने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई १६ बुँदे निर्देशन दिएका थिए । उक्त निर्देशनपछि वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार कार्यालय काठमाडौंमा केही सुधार देखिएको छ ।

प्रधानमन्त्री दाहालले वैदेशिक रोजगारसँग जोडिएका राहदानी, लाइसेन्सलगायत विदेशमा अध्ययनका लागि 'नो अब्जेक्सन लेटर' सेवाका लागि घण्टौंसम्म लाइन लाग्नुपर्ने अवस्थाको अन्त्य गरी राज्यले नागरिकलाई प्रदान गर्दै आएका सेवाप्रवाह थप प्रभावकारी, झन्झटमुक्त र सहज बनाएको उल्लेख गरेका छन् ।

प्रधानमन्त्री दाहालले व्यापक सुधार गरेको बताए पनि वैदेशिक रोजगार व्यवसायी संघले सुधारको कुनै अनुभूति नभएको बताएको छ। संघका महासचिव मेघनाथ भुर्तेलले २०७२ सालदेखि भएका व्यवसायी र कामदार विरोधी नीति यथावत रहेसम्म झिनामसिना निर्णयले तात्विक अर्थ नराख्ने भन्दै नेपालले भारत, पाकिस्तान र श्रीलंका जस्ता प्रतिस्पर्धी मुलुकमा रहेको व्यवस्थाअनुरूप नेपालको वैदेशिक रोजगार ऐन र अन्य प्रणालीमा सुधार हुनु जरुरी रहेको बताए ।

व्यवसायीले संघमार्फत वैदेशिक रोजगारमा सरकारले कामदार पठाउने हो वा निजी क्षेत्रले भन्ने पृष्ठ २ मा

पोर्चुगलमा राहदानी सेवा शिविर

## ६ सय जनाको आवेदन संकलन



**भरत प्रधान/मध्यान्ह**
लिस्बन, पोर्चुगल, २१ चैत

पोर्चुगलको लिस्बनमा राहदानीसम्बन्धी समस्यामा परेका नेपालीलाई राहदानी सेवा दिइएको छ। लिस्बनमा सञ्चालित राहदानी सेवा शिविरबाट ६ सय ६९ नेपालीको विद्युतीय राहदानी (इ-पासपोर्ट) का लागि जैविक तथ्यांक संकलन गरिएको छ । फ्रान्सस्थित नेपाली दूतावासको टोलीले लिस्बनमा रहेको अवैतनिक नेपाली पृष्ठ २ मा

## बेचिन लागेका पाँच महिलाको उद्धार

**काठमाडौं/रासस-** वैदेशिक रोजगारीका नाममा बेचिन लागेका पाँच महिलाको उद्धार गरिएको छ। मानव बेचबिखन अनुसन्धान ब्यूरोले विदेश जाने बहानामा बेचिनबाट जोगिएका ती महिलालाई उद्धार गरी आवश्यक परामर्श गरिरहेको र उक्त घटनाको अनुसन्धान पनि थालिएको जनाएको छ ।

ब्यूरोका प्रवक्ता एवम् प्रहरी उपरीक्षक ज्ञानेन्द्रप्रसाद फुँयालले उनीहरुलाई गिरोहले विदेश पठाउने भनेर काठमाडौंको गौशालास्थित एक होटलमा राखिएको अवस्थाबाट उद्धार गरिएको जानकारी दिए । बहाना वैदेशिक रोजगारीको भए पनि उनीहरुलाई तेस्रो मुलुक लगेर बेचबिखन गर्न लागिएको पत्ता लागेपछि उद्धार गरिएको उनले बताए । प्रारम्भिक अनुसन्धानमा आकर्षक तलब पाउने लोभ देखाएर उनीहरुलाई विदेशमा बेचबिखन गर्न लागिएको पाइएको प्रहरीले जनाएको छ । पृष्ठ २ मा


## नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको निर्वाचनसहितको साधारण सभासम्बन्धी सूचना

नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको मिति २०८०/१२/१३ गते बसेको कार्यसमितिको बैठकले नयाँ कार्यसमिति चयनसहतिको १२औं साधारण सभा मिति २०८१ साल वैशाख १४ गते शुक्रबारका दिन गर्ने निर्णय गरेकोमा २०८१ वैशाख १५ मा सम्पन्न हुन गइरहेको इलाम र बझाङ जिल्लाको उपनिर्वाचनलाई मध्यनजर गर्दै मिति २०८०/१२/१९ गते बसेको कार्यसमितिको बैठकले नयाँ कार्यसमिति चयनसहतिको १२औं साधारण सभा मिति २०८१ साल वैशाख २८ गते शुक्रबारका दिन सम्पन्न गर्ने निर्णय गरेको व्यहोरा सम्पूर्ण सदस्यज्यूहरुलाई सहर्ष जानकारी गराउँदै यस एशोसिएसनसँग आवद्ध वैदेशिक रोजगार व्यवसायी सदस्य संस्थाहरुले अनिवार्य आ-आफनो कम्पनीको सदस्यता नवीकरण गरी आफनो संस्थाबाट साधारण सभामा सहभागिताका लागि प्रतिनिधि दर्ता गराइ साधारण सभालाई सफलतापूर्वक सम्पन्न गराउन यहाँहरुको सक्रिय सहभागिताका लागि हार्दिक निमन्त्रणा गर्दै नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको विधान २०६३ को परिच्छेद ४, दफा ११ को उपदफा ४ अनुसार यो सूचना प्रकाशित गरिएको छ ।

जय नेपाल !

**आवश्यक कागजातहरु**

१. कम्पनीको लेटरहेडमा निवेदन
२. शेयर लगत प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
३. नागरिकता वा राहदानीको प्रतिलिपि
४. अटो साइजको २ प्रति फोटो
५. तोकिएको लेवी

**कार्यक्रम :**
**मिति : २०८१ साल वैशाख २८ गते शुक्रबार**
**स्थान : दियालो फुडल्याण्ड बसुन्धारा, काठमाडौं ।**
**समय : बिहान ८ बजे**

**कमल काफ्ले**
महासचिव

**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएशन**
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–५२६६४२८, ९७४५९४५८१८, ९८५१२३७५०१

# गाउँपालिकालाई मध्यवर्ती क्षेत्रबाट हटाउन माग

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, २१ चैत

बर्दियाको गेरुवा गाउँपालिकाका बासिन्दाले बर्दिया राष्ट्रिय निकुञ्जसँगको पश्चिमी सिमाना पुनः निर्धारण गरिनुपर्ने र गाउँपालिकालाई मध्यवर्ती क्षेत्रबाट आफुहरुलाई बाहिर राखिनुपर्ने माग राख्दै संघर्ष थालेका छन् ।

गेरुवा गाउँपालिकाको आयोजनामा गाउँपालिकाको सभाहलमा राखिएको क्रियाशिल राजनीतिक दलका प्रतिनिधिहरुसहितको सर्वपक्षिय बैठकबाट प्रेम रावलको संयोजकत्वमा १५ सदस्यीय संघर्ष समिति गठन समेत गरिएको छ । बर्दिया राष्ट्रिय निकुञ्जसँगको पश्चिमी सिमाना पुनः निर्धारण गरिनुपर्ने र निकुञ्ज मध्यवर्ती क्षेत्रबाट आफुहरुलाई बाहिर राखिनु पर्ने उनीहरुको माग छ ।

'निकुञ्ज ऐन २०२९' अनुसार कर्णाली नदीको पूर्वी भंगालो गेरुवा नदीको पश्चिम किनारालाई निकुञ्जको पश्चिमी सिमाना मानेको छ । २०४० साल अघि र २०४० सालपछि प्रत्येक वर्ष कर्णाली नदीमा आउने बाढीका कारण नदीले धार परिवर्तन गर्दै सिमानाले गेरुवा गाउँपालिकाको पूर्वी भाग



चाप्दै लगेको छ । गेरुवा नदीको कटानका कारण गेरुवा गाउँपालिकाको करिब ७ सय विगाह खेतीयोग्य जमिन कटान गरेको छ । बगरबाट जंगलमा परिणत भएको उक्त जग्गा निकुञ्ज क्षेत्रभित्र पर्ने भन्दै बर्दिया राष्ट्रिय निकुञ्जले रोक लगाएका कारण उपभोग गर्न पाएका छैनन् भने गेरुवा गाउँपालिकाको विकासमा समेत मध्यवर्ती क्षेत्रको नाममा निकुञ्ज बाधक बनेको राजनीतिक दलको ठम्याइ छ । निकुञ्ज ऐनको सिमा सम्बन्धी प्रावधानलाई सच्चाई पश्चिमी सिमाना पुनःनिर्धारण गरेर निकुञ्जको मध्यवर्ती क्षेत्रबाट बाहिरिएपछि मात्र यहाँका बासिन्दाले सहजताको अनुभूति गर्ने र पालिकाले विकासमा फड्को मार्ने स्थानीयको बुझाइ छ ।

बर्दियाका ८ स्थानीय तहहरुमध्ये गेरुवा गाउँपालिका बाहेक अन्य पालिकाका केही भाग मात्र मध्यवर्ती क्षेत्रमा पर्ने भएकोले गेरुवा गाउँपालिका विशेषतः निकुञ्जबाट गेरुवाका बासिन्दाहरु ठगिएको बताउँदै नेपाली कांग्रेस गेरुवाका सभापति प्रेम रावलले भावि सन्ततिका लागि निकुञ्जको ज्याजतीकाविरुद्ध राष्ट्रिय निकुञ्जका हरेक अंगलाई विस्तापित गरेर अगाडि बढ्नु पर्ने बताए ।

सिमाङ्कनको समस्या अन्य पालिकाको नभएपनि निकुञ्जको मध्यवर्ती क्षेत्रमा गरिने व्यवहार सबै पालिकामा उस्तै रहेकाले अन्य पालिकासँग समन्वय गरेर गेरुवा गाउँपालिकाबाट छेडिएको संघर्ष सफल बनाउन नेकपा एमाले गेरुवाका इन्चार्ज भरत धामीले पालिकालाई आग्रह गरे ।

पटक-पटक गाउँ सभाबाट पूर्वी सिमाना कहाँ हो ?, सम्बन्धित निकायमा पहल गर्ने भनी गाउँ सभाबाट निर्णय पारित गरेर सम्बन्धित निकायमा पत्राचार गर्दा समेत अझैँ समस्या समाधान नभएको वर्तमान परिप्रेक्षमा सर्वपक्षिय बैठकको निर्णयबाट थालिएको संघर्षमा गाउँपालिकाको समेत एक्यवद्धता रहेको गेरुवा गाउँपालिकाका अध्यक्ष जमान सिंह के. सी.ले बताए । निकुञ्जको सिमाना र मध्यवर्ती क्षेत्रको नाममा निकुञ्जले गर्ने व्यवहारविरुद्ध सर्वपक्षिय बैठकबाट जनस्तरमै शुरु गरिएको संघर्षको सबै तर्फबाट स्वागत गरिएको छ । वर्षौबाट संरक्षणका लागि ज्यान दिएर खटिएका स्थानीयहरुको मागलाई सम्बोधन गर्न बर्दिया निकुञ्ज र निकुञ्ज विभाग समयमै सचेत रहन आवश्यक देखिएको छ ।

# हुम्लामा परीक्षणबिना नै भित्रिन्छ मासु



**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २१ चैत

हुम्लामा ल्याइने कुखुराको मासु सिमकोट गाउँपालिकाले चेकजाँच गरेपछि मात्र भित्र्याइने निर्णय भएपनि उक्त निर्णय कार्यान्वयन हुन सकेको छैन ।

तीन वर्ष अगाडि सिमकोट गाउँपालिकाले विमानस्थलमा बाहिरी जिल्लाबाट आयत गरिने मासुजन्य प्रदार्थ चेक जाँच गर्ने मेसिन ल्याउने र विमानस्थलमा राख्ने भनेपनि त्यो हुन नसकेको स्थानीयको गुनासो छ ।

स्थानीय सरकारले आफ्ना नागरिकको स्वास्थ्यको ख्यालै नगरेको स्थानीयबासी बताउँछन् ।

नेपालगञ्ज र सुर्खेतबाट आयत हुने कुखुराको मासु मानिसका लागि कति खानयोग्य छ ?, कसरी मासु प्याकिङ गरेको छ ?, भन्ने विषयमा सिमकोट गाउँपालिकाले कुनै चासो नदिने गरेको पाइन्छ ।

बिहान नेपालगञ्ज तथा सुर्खेतबाट आउने मासु प्लास्टिकमा खुला प्याकिङ, काटुनमा प्याक गरेको मासु कुनै विधि प्रयोग नगरी प्याक गरिएको, खुल्ला मासु बोक्ने भरियाले पानी चुहिँदै, मासु हातले ठेल्दै आउँदा पनि स्थानीय सरकार मौन रहेको देखिन्छ । पटक-पटक बाहिरबाट आयत हुने मासुको चेकजाँच गरेर भित्र्याउनु पर्यो भन्दा पनि सिमकोट गाउँपालिकाले त्यसको कुनै वास्ता नै नगरेको स्थानीय बताउँछन् ।

दैनिक जिल्लामा कुखुराको मासु मात्रै १ हजारदेखि १५ सय कुइन्टल आयत हुन्छ । जिल्लामा करिब २६ वटा मासु फ्रेस हाउस छन् । हवाइ मार्गबाट मात्र होइन् तीन दिन लगाएर मासु खच्चडबाट पनि आयत हुन्छ, तर यस विषयमा स्थानीय सरकारको कुनै ध्यान गएको छैन् ।

# भारतीय बजारबाट ल्याइएका सामान बरामद

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २१ चैत



रौतहट परोहा नगरपालिकामा भारतीय बजारबाट अवैध रुपमा राजस्व छली भित्र्याइएका सात लाख मूल्य बराबरको सामानहरु सशस्त्र प्रहरीले बरामद गरेको छ । विशेष सूचनाको आधारमा सशस्त्र वेस क्याम्प खाँप तथा सशस्त्र प्रहरी बल नेपाल ११ नम्बर गणबाट मंगलबार राति ११ बजे खटिएको मोवाइल गस्ती टोलीले करिव सात लाख मूल्य बराबरको लत्ताकपडा, औषधी, सुर्तीजन्य पदार्थ, चप्पल बरामद गरेको सशस्त्र प्रहरी बल नेपाल ११ नम्बर गणले जनाएको छ । बरामद गरिएका उक्त राजस्व छलीका सामानहरुलाई आवश्यक कारबाहीका लागि गौर भन्सार कार्यालयमा बुझाइएको छ ।

## एमाले जिल्ला कमिटी बाजुराको अधिवेशन जेठमा

**धनकृष्ण वि.क/मध्यान्ह**
बाजुरा, २१ चैत

नेकपा एमाले जिल्ला कमिटी बाजुराले पार्टीको आठौं जिल्ला अधिवेशन आगामी जेठ १ देखि ३ गतेसम्म मार्तडीमा सम्पन्न गर्ने निर्णय गरेको छ ।

मार्तडी पार्टी कार्यालयमा बसेको १३ औं जिल्ला कमिटीको पूर्ण बैठकले पार्टीको आठौं जिल्ला अधिवेशन जेठ महिनामा सम्पन्न गर्ने निर्णय गरेको हो । यसअघिको बैठकले माघ २६ गते देखि २८ गते निर्वाचन क्षेत्र नं 'क'को कोल्टीमा गर्ने र त्यसपछिको बैठकले माघ २६ देखि २८ सम्म नेकपा एमाले बाजुराको जिल्ला अधिवेशन गरिसक्ने बताए पनि सो अवधिमा जिल्ला अधिवेशन हुन नसकेको पार्टी सचिव काँसी वि.कले बताएका छन् ।

# प्रशासकीय अधिकृतले पत्रकारलाई गोली हान्ने धम्की दिएको आरोप

**रामएकवाल राम/मध्यान्ह**
सिराहा, २१ पुस





सिरहामा एक पत्रकारलाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले गोली हान्ने धम्की दिएको आरोप लागेको छ ।

जिल्लाको गोलबजार नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीधर केसीले पत्रकार अर्जुन थपलियालाई गोली हान्ने धम्की दिएको आरोप लागेको हो ।

समाचारको विषयमा आक्रोशित हुँदै केसीले पत्रकार थपलियालाई बुधबार फोन गरेर धम्की दिएका हुन् ।

पत्रकार थपलियाले गोलबजारबाट दाबानल नामक अनलाइन सञ्चालन गरेका छन् । यस अनलाइनमा थपलियाले बुधबार गोलबजार नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, इन्जिनियर र वडा अध्यक्षको अघोषित साझेदारी ठेक्कामा परियोजना सञ्चालन शीर्षकमा समाचार लेखेका थिए ।

यसै विषयमा प्रमुख प्रशासकीय अधिकृत केसी असन्तुष्ट हुँदै थपलियालाई पटक-पटक फोन गरेका थिए । थपलियाले भने, ' फोन उठाउने वित्तिकै तथानाम भन्न थाल्नुभयो । मैले शान्त हुनुस् अनि कुरा गरौंला भनिरहें, तर उहाँले धम्काउन शुरु गरेपछि गोली हानिदिन्छु भनेरै छोड्नुभयो ।'

यता प्रमुख प्रशासकीय अधिकृत केसीले भने आफूले रिस उठेर अति भएपछि गोली हानेर जेल बस्छु भनेको स्वीकार गरेका छन् । उनले भने, 'तर, यो केबल रिसको बोली हो । म पालिकाको कर्मचारीसँग बन्दुक कहाँ हुन्छ र गोली हान्नु । अर्जुनजीलाई पटक-पटक हावादारी सूचना प्रवाह नगर्न आग्रह गर्दा पनि उहाँ मान्नुहुन्न । कहिले मेयर श्यामलाई जेल हाल्छु भन्नुहुन्छ, कहिले लिलानाथ श्रेष्ठलाई जेल हाल्छु भन्नुहुन्छ । जोसुकैलाई जेसुकै गरुन् तर तथ्यभन्दा फरक सूचना प्रवाह गरेर काम गर्ने वातावरण नबिथोलिदिन मैले उहाँलाई पटक-पटक आग्रह गरेको छु ।' उनले कानून आफुलाई पनि थाहा भएको र कानूनभन्दा माथि कोहि नहुने बताए । 'आवेशमा फोन गरेर भनेको कुरा मैले नै भनेको हुँ' अधिकृतले भने ।

# फेवा नववर्ष महोत्सव हुँदै



**काठमाडौं/मस-** 'पर्यटन संस्कृति र खाना'भन्ने नाराका साथ पोखरामा चैत २९ देखि वैशाख १ गतेसम्म १९ औं फेवा नव वर्ष महोत्सव हुने भएको छ ।

होटल संघ पोखराले काठमाडौंमा पत्रकार सम्मेलन गरेर पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिए पश्चात् आयोजना हुन गइरहेको महात्सवको सम्पूर्ण तयारी पूरा भएको जनाएको छ । महोत्सव फेवाताल किनार ड्यामसाइड चोकदेखि खहरेचोकसम्मको सडकमा आयोजना गरिनेछ ।

महोत्सवमा नेपाली मौलिक संस्कृतिको संरक्षण र परम्परागत नेपाली खानाको प्रवर्द्धन गर्ने मुख्य उद्देश्यले आयोजना गर्न लागिएको हो । महोत्सवको अवसरमा संघ मातहतमा रहेका ४ सय २५ होटलहरुमा २० प्रतिशतसम्म छुट दिइने पोखरा होटल संघले जनाएको छ ।

महोत्सवको तयारीका लागि २१ वटा विभिन्न समिति गठन गरी एरिया संयोजक समेत तोकिएको छ । महोत्सवमा विविध सांस्कृतिक झाँकी, नृत्य र खानाका स्टल पनि समेटिने छ । महोत्सवका मुख्य आकर्षणको रुपमा गण्डकी प्रदेशमा रहेका रैथाने खानाको प्रवर्द्धन गर्ने, परम्परागत नेपाली खाना स्टल, सडकमै देशको सांस्कृतिक चिनाउने झाँकी देखाउने, लोकदोहोरी र प्रख्यात कलाकारबाट पप कन्सर्ट र पर्यटक दौड प्रतियोगिता जस्ता कार्यक्रम समेत हुनेछ ।

## कांग्रेसको...

खण्डमा परिस्थिति हेरेर मत दिने तर सरकारमा भने नजाने निर्णय गरेको थियो ।

तर, बुधबार राप्रपाले सरकार बनाउन आवश्यकताअनुसार मत दिने तर एमाले नेतृत्वको गठबन्धनलाई नदिने निर्णय गरेको छ । यो निर्णयसँगै राप्रपा कांग्रेसको कित्तामा पुगेको हो ।

राप्रपाको यस्तो निर्णयसँगै संघीय सरकारमा प्रतिपक्षमा रहेका दलहरुको प्रदेश सभामा सरकार बन्ने अवस्थाको सिर्जना गरिदिएको छ ।

गण्डकी प्रदेश सरकार बनाउन राप्रपा निर्णायक दल रहेको छ । यो प्रदेशमा ठुलो दलको हैसियतमा कांग्रेस छ । कांग्रेसले नै सरकार निर्माणको पहल गरिरहेका बेला राप्रपाले एमाले नेतृत्वको गठबन्धनलाई मत नदिने निर्णय लिएको हो ।

बुधबारको निर्णयमा राप्रपा अडिग रहे गण्डकी प्रदेशमा सरकार बनाउने एमालेको सपना पूरा नहुन सक्छ । संघीय सत्ता गठबन्धनमा गण्डकी प्रदेशको नेतृत्व एमालेले लिने सहमति छ ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्र पाण्डेले राजीनामा दिएसँगै गण्डकीका प्रदेश प्रमुखले नयाँ सरकार गठनका लागि यही चैत २७ गतेसम्मको समय दिएका छन् ।

६० सदस्यीय गण्डकी प्रदेश सभामा सरकार बनाउन आवश्यक ३१ मत आवश्यक पर्छ ।

संघीय सत्ता गठबन्धनमा रहेका दलहरु एमालेका २२, माओवादीका ८ जना सांसद छन् । तर, गत चुनावमा संयुक्त चुनाव लडेका नेपाल समाजवादी पार्टीका फणीन्द्र देवकोटाले कांग्रेसका लागि फ्लोरक्रस गर्ने तयारी गरेको बताइन्छ । यसो भएको खण्डमा नयाँ गठबन्धनसँग २९ मत मात्रै हुनेछ ।

स्वतन्त्र चुनाव जितेका दिपक मनाङे यसअघि नेकपा एकीकृत समाजवादीमा प्रवेश गरेका थिए । तर, हाल एकीकृत समाजवादी छाडेर कांग्रेस नेतृत्वको सरकारमा सहभागी भएर उनले आफूलाई कांग्रेसको कित्तामा प्रस्तुत गरेका छन् ।

कांग्रेससँग २७ सांसद छन् । राप्रपासँग दुई जना सांसद छन् । दिपक मनाङेको साथ पाउँदा कांग्रेसको पक्षमा ३० मत पुग्छ । फ्लोर क्रस गरेर नेसपाका फणीन्द्र देवकोटाले साथ दिए कांग्रेसको पक्षमा ३१ सांसद पुग्छ ।

त्यसपछि फ्लोरक्रस गरेका फणीन्द्र देवकोटाको पद गए पनि सरकार बनाउन आवश्यक ३० संख्या कांग्रेससँग रहनेछ । तर, यसका लागि कांग्रेसले राप्रपाको साथै दिपक मनाङेको पनि विश्वास जितिरहनु आवश्यक हुन्छ ।

## संसदमा...

आग्रह गरे । उनी प्रश्न गर्छन, 'देशको हित बोल्ने कि साथीभाइको मुख हेर्ने ?' संघमा कर्मचारीमा ट्रेड युनियन राखिए प्रदेश तहमा पनि नयाँ दलले ट्रेड युनियन बनाउँदै जाने अवस्था बन्ने उनको चिन्ता छ । सांसद पन्तले दलैपिच्छेको ट्रेड युनियन हटाउन एउटा दलले मात्रै आँट गरेर नपुग्ने बताए ।

नेकपा माओवादी केन्द्रका सांसद अमनलाल मोदीले आफू संघीय मामिलामन्त्री रहेका बेला एउटा मात्रै आधिकारिक ट्रेड युनियन राख्ने पर्यास गरेको बताए । तर, मन्त्रिपरिषदको विधेयक समितिबाट हेरफेर भएको उनको भनाइ छ ।

सांसद मोदीले देशमा नयाँ संविधान भए पनि कर्मचारी प्रशासन पुरानै संरचनामा चलेको बताए । वर्तमान संरचनाले जस्तोसुकै काम गर्छु भन्नेले पनि नसक्ने उनको भनाइ छ ।

जनमत पार्टीका सांसद अब्दुल खानले खानले पनि कर्मचारी युनियन खारेज गर्नुपर्ने बताए । उनले राजनीतिमा आउन चाहे चुनाव लडेर आउन सुझाए । 'यदि कर्मचारी नै राजनीति गर्नुपर्ने हो भने खुलेर कुनै पार्टीसँग आबद्ध भएर निर्वाचित भएर आउनुपर्छ ।'

जनता समाजवादी पार्टी (जसपा)की सांसद रन्जुकुमारी झाले आफूलाइ विर अस्पतालका कुनै बेलाका भिसीले विर अस्पतालमै कार्यरत कार्यलय सहयोगीले थर्काएको गूनासो गरेको स्मरण गरिन । ट्रेड युनियनमा रहेकाहरुले कानुनले नचिनेको सुविधाल लिने गरेको पनि उनले बताइन् ।

यथास्थितिमा ट्रेड युनियन राखिए नयाँ कानुन बनाउनुको अर्थ नहुने उल्लेख गर्दैं उनले भनेकी छन्, 'कि त यो ट्रेड युनियन परिर्माजन गरेर जाऔं कि त नियन्त्रण गरेर जाऔं, न्युनीकरण गरौं । यथास्थिति सोचका आधारमा कानुन बनाइए त्यसले कुनै काम गर्दैन ।'

## देउवाको...

पराजित भएका थिए । तर ३० हजार २० मत ल्याएर गत वर्षको आमनिर्वाचन जितेका नेम्वाङको निधन भएपछि आगामी १५ वैशाखमा उपनिर्वाचन हुँदैछ । उक्त उपनिर्वाचनका लागि २४ चैतमा उम्मेद्वारी दर्ता हुने कार्यतालिका निर्वाचन आयोगले सार्वजनिक गरेको छ । यो उपनिर्वाचनका लागि कांग्रेस इलामले खड्का र आचार्य सहित केशव थापा, नगेन्द्र कुमाल, रमेश लिङ्देन, चन्द्रमाया लिम्बु र शान्तिकला राईको नाम सिफारिस गरेको छ ।

सिफारिस भएका सात मध्ये अरु पाँच जनाले टिकट नपाउने लगभग पक्का जस्तो छ । किनकि सभापति देउवाले खड्का र संस्थापन इतर पक्षले आचार्यको अडान लिएको छ । महामन्त्री थापा र शर्माले आचार्यलाई टिकट दिदा उपनिर्वाचन जितिने तर्क गरेका छन् ।

स्रोतका अनुसार बझाङको प्रदेशसभाबारे भने धेरै मतभेद छैन । गत आमचुनाव जितेका सांसदकै छोराको नाम सिफारिस भएकाले उनकै संभावना बलियो छ । तर इलाममा भने नेताहरुको अडानका कारण कांग्रेसले उम्मेद्वार टुंग्याउन सकेको छैन ।

जबकी अरु दलहरुले भने उम्मेद्वार टुंग्याएर प्रचार अभियान नै थालिसकेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले गत १७ फागुनमा आमसभा गरेरै मिलन लिम्बुलाई उम्मेद्वार घोषणा गरेको छ । त्यसअघि नेकपा एमालेले उम्मेद्वार टुंग्याएको थियो । एमालेले सुवासकै छोरा सुहाङलाई उम्मेद्वार बनाएको छ । सुहाङ चुनावी अभियानमा जुटिसकेको छ ।

राप्रपाले लक्ष्मी गुरुङ, नेकपा एकीकृत समाजवादीले जीतबहादुर राई र पहिचान पक्षधरहरुले थेकेन्द्रसिं थेगिमलाई साझा उम्मेद्वार बनाएको छ । थेगिमले बुधबार चुनावी सभा गरेको थियो । तर सरकारको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्रसँगै कांग्रेसले भने अझै उम्मेद्वार समेत घोषणा गर्न सकेको छैन ।

## एनआरएनएको ...

सम्पन्न महाधिवेशनबाट नेतृत्व समितिलाई पनि खारेज गरिदिएको छ । त्यो महाधिवेशनले कुल आचार्य, रवना थापा र बद्री केसीले एक/एक वर्ष चलाउनेगरी नेतृत्व चयन गरेको थियो । तर यो निर्णयमा असहमति जनाउँदै विनोद कुँवर अध्यक्ष रहेर अर्को समिति पनि गठन भएको थियो । आचार्य, थापा र केसीले एउटा समूहको नेतृत्व गर्दा अर्को समूहको नेतृत्व कुँवरले गरेका थिए । तर अर्को पक्षले विधान संशोधन गर्दा परराष्ट्र मन्त्रालयले मान्यता दिएको थियो । एनआरएनए सम्बन्धी ऐन र नियम बिपरीत संशोधन गरिएको विधानलाई परराष्ट्र मन्त्रालयले दिएपछि कुँवरले रिट दायर गरेका थिए ।

उक्त रिटमाथि सर्वोच्चले गत कात्तिकमा बनेको समानान्तर नेतृत्व सँगै त्यसअघिको महाधिवेशनबाट चुनिएको नेतृत्वलाई समेत अवैध ठहर गरेको छ । दुवै महाधिवेशनबाट चुनिएको नेतृत्वलाई खारेज गरेर सर्वोच्चले पूर्व अध्यक्ष शेष घले अध्यक्ष रहेको उच्च स्तरीय समितिलाई महाधिवेशन गराउन आदेश दिएको छ ।

यो समितिले ६ महिनाभित्र एकताको महाधिवेशन गराउनुपर्नेछ । यो समितिमा कुल आचार्य, डा.बद्री केसी, रविना थापा, उमेशकुमार पुडासैनी र जानकी गुरुङलाई थप गर्न पनि आदेश दिएको छ ।

## मन्त्री...

प्रष्टताको माग गरेको भन्दै महासचिव भुर्तेलले लागत परिभाषित गरेर सेवा शुल्क निर्धारण, मागपत्र प्रमाणीकरण, लिंगीय विभेद हुने गरिएको महिला तथा घरेलु कामदारको श्रम स्वीकृतिको प्रतिबन्ध, वैदेशिक रोजगार ऐनमा सुधार, पूर्वप्रस्थान अभिमुखीकरण तालिमको शुल्क र जीर्ण अवस्थामा पुगेको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीको क्षमता वृद्धि गरी डिजिटलाइजेसन गर्नेजस्ता लामो समयदेखि समाधान नभएका समस्याहरू यथावत रहेसम्म वैदेशिक रोजगारमा सुधार भयो भन्नू आत्मरति मात्रै हुने टिप्पणी गरे ।

एउटा मन्त्रीले एउटा निर्णय गर्ने मन्त्री फेरिएपछि पुरानो निर्णय उल्टाउने शैलीले वैदेशिक रोजगारलाई सधैं असुरक्षित र अमर्यादित बनाउने भन्दै महासचिव भुर्तेलले सरकार र सरकारी निकायहरूले रेमिट्यान्समार्फत नेपाली अर्थतन्त्र धानिएको सत्यलाई आत्मसात गरी सुधारका लागि इमानदार प्रयास नगरेको टिप्पणीसमेत गरे ।

## पोर्चुगलमा...

महावाणिज्यदूतावासको समन्वय र सहजीकरणमा लिस्बनबाट विद्युतीय राहदानीका लागि जैविक तथ्यांक संकलन गरेको हो ।

टोली प्रमुख एवं नेपाली दूतावास, फ्रान्सका नियोग उपप्रमुख सीता बस्नेतले टोलीले लिस्बनमा इनरोलमेन्ट सेन्टरको स्थापना गरी नेपालीको विद्युतीय राहदानीका लागि जैविक विवरणसहितको आवेदन संकलन जानकारी दिइन् ।

लिस्बनमा एक सातासम्म सञ्चालित राहदानी सेवा शिविरबाट दुई सय ८० जनाको राहदानी हराएको, ४७ जनाको क्षति भएको, दुई सय ९१ जनाको नवीकरण, १६ बालबालिकाको नयाँ राहदानी र ३५ बालबालिकाको नवीकरणका लागि आवेदन संकलन गरिएको उनले बताइन् ।

राहदानी सेवा शिविरबाट एक करोड ६६ लाख ६२ हजार रुपैयाँ राजस्व संकलन भएको टोली प्रमुख बस्नेतले बताइन् ।

दूतावासकी नियोग उपप्रमुख बस्नेतले टोलीले राहदानी बनाउन लाग्ने सरकारले तोकेको न्यूनतम राजस्व शुल्क र कुरिएर खर्चबापतको १० युरोबाहेक अन्य रकम नलिएको स्पष्ट पारिन् । अतिरिक्त शुल्क लिएको भन्दै अफवाह फैलाइएकोप्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै बस्नेतले सो विषयमा लिस्बनस्थित महावाणिज्य दूतावास, एनआरएनए पोर्चुगललगायत शिविर अवधिभर खटिएका नेपाली संघ-संस्थाका प्रतिनिधिसँग सोधखोज गर्न र सत्यतथ्य बुझ्न सबैलाई आग्रह गरिन् ।

टोलीले शिविर अवधिभर राहदानीबिहीन बनेका, राहदानी हराएका, क्षति भएका र राहदानीकै कारण समस्यामा परेका नेपालीका लागि प्राथमिकताका आधारमा सेवा प्रवाह गरेको उनले बताइन् ।

शिविर गत मार्च २४ तारिकदेखि शुरु भएको हो । मंगलबार बिहानसम्म थप आवेदन संकलन गरिएको थियो । टोलीले राहदानी हराएका, क्षति भएका, सन् २०२४ फ्रेब्रुअरी २९ सम्म म्याद सकिएका, पोर्चुगलको अध्यागमन निकाय (आइमा) मा २०२४ अप्रिल ३० सम्म बायोमेट्रिकका लागि समय लिइसकेका तथा पोर्चुगलमा जन्मेका बालबालिकाको प्राथमिकताका आधारमा विद्युतीय राहदानीका लागि जैविक तथ्यांक संकलन गरेको थियो ।

गैरआवासीय नेपाली संघ पोर्चुगलका अध्यक्ष उमेश खड्काले घुम्ती शिविरले तत्कालका लागि राहत भए पनि अझै धेरै नेपाली राहदानीसम्बन्धी समस्यामा रहेकाले फेरि छिट्टै टोली ल्याउन पहल गर्ने जानकारी दिए ।

पोर्चुगलका लागि अवैतनिक नेपाली महावाणिज्यदूत मकरबहादुर हमालले शिविरबाट राहदानीविहीन बनेका र राहदानीकै कारण समस्यामा परेका नेपालीलाई राहत मिलेको बताए । शिविर अवधि छोटो भएका कारण धेरै नेपालीको समस्या सम्बोधन गर्न नसकिएको उल्लेख गर्दै महावाणिज्यदूत हमालले फेरि छिट्टै टोली ल्याउन पहल गर्ने बताए । पोर्चुगलमा नेपाली दूतावास नहुँदा राहदानीसम्बन्धी समस्या झेल्दै आएका नेपालीले शिविरमार्फत सेवा पाउँदा राहतको अनुभूति गरेका छन् ।

## बेचिन...

उक्त घटनामा संलग्न रहेको आरोपमा प्रहरीले दुई जनामाथि अनुसन्धान गरिरहेको छ । ती गिरोहले यसअघि पनि केही महिलालाई विदेश पठाउने बहानामा बिक्री गरेको पाइएपछि उनीहरुलाई उद्धार गरिएको हो । महिला बेचबिखनमा संलग्नमध्येका गणेशबहादुर कटुवाललाई यही चैत २ गते काठमाडौंको टोखा नगरपालिका-५ बाट ब्यूरोले पक्राउ गरेको थियो । उनीसँग सोधपुछ तथा अनुसन्धानका क्रममा सोही घटनामा संलग्न रहेको पाइएपछि फरार भएका आरोपीमध्ये ५८ वर्षका लक्ष्मीप्रसाद सिटौलालाई मंगलबार चैत २० गते काठमाडौंबाटै पक्राउ गरिएको हो ।

उनीहरुसँगको बयान तथा थप अनुसन्धान गर्दै जाँदा त्यसरी विदेश पठाउने लोभ देखाएर थप पाँच महिलाहरुलाई पनि बेचबिखनमा संलग्न गराउनका लागि होटलमा राखेर आवश्यक प्रक्रिया अघि बढाइएको जानकारी प्राप्त भएपछि प्रहरी टोली गौशालाको होटलमा पुगेको थियो ।

'सिटौलालाई पक्राउ गर्ने क्रममा उनले भ्रमण भिसामा दुबई हुँदै खाडी मुलुकहरुमा घरेलु कामदारको रुपमा आकर्षक तलब सुविधाको काममा लगाइदिने प्रलोभन देखाइ थप पाँच जना महिलाहरुलाई लैजाने तयारी गरेको पाइएपछि तत्कालै होटलबाट उनीहरुलाई उद्धार गरिएको हो,' प्रहरी उपरीक्षक फुँयालले भने ।


**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : TUSHAR TARA HOSPITALITY CLEANING TRADING AND CONTRACTING शहरः DOHA
पूर्व स्वीकृत मितिः २०८०/१२/२१ चलानी नं.: ६०२१७८३४ L.T. No.: 302991

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreman | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९१,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Clean Worker | 0 | 10 | | 1000 | ३६,५१० | | | | | | | |
| 3. | Labour | 2 | 0 | | 1000 | ३६,५१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० चैत २९ गते (11 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

ROYAL
श्रम इजाजत पत्र नं.: १०२३/०६८/०६९
**रोयल गण्डकी म्यानपावर प्रा. लि.**
सामाखुसी-३, काठमाडौं, फोनः ४३८७८७१

# अर्घाखाँचीमा पर्यटकको संख्या ३० प्रतिशतले बढ्यो




**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
सन्धिखर्क, २१ चैत

नेपाल पत्रकार महासंघ अर्घाखाँचीले पर्यटन प्रवर्द्धन सम्बन्धी अभियान सञ्चालन गरेसँगै जिल्लामा पर्यटकको संख्या ३० प्रतिशतले वृद्धि भएको छ । आर्थिक विकास, पर्यटन प्रवर्द्धन र स्थानीय रोजगारीका लागि महासंघले अर्घाखाँची पर्यटन प्रवर्द्धन अभियान सञ्चालन गरेको थियो ।

महासंघले अभियान अन्तर्गत नेपालकै प्रसिद्ध धार्मिक मन्दिर सुपादेउराली मान्दिरमा पर्यटन डेक्स स्थापना गरेको थियो ।

महासंघ अर्घाखाँचीका अध्यक्ष अशोक खनालसहित जिल्लाका पत्रकारहरु सुपा देउराली लगेर सूचना केन्द्र निर्माण गरी जिल्लामा आउने पर्यटकहरुको तथ्यांक लिन शुरु गरेको थियो ।

फागुन महिनाको तुलनामा अहिले केही दिनदेखि ३० प्रतिशत पर्यटकहरु बढी भित्रिएका स्थानीय नरपानीबासी ओम बहादुर थापाले बताए ।

अभियानको गत माघ १ गते प्रधानमन्त्री पुष्प कमल दाहालले सन्धिखर्क टुँडिखेलबाट उद्घाटन गरी शुभारम्भ गरेका थिए ।

अभियान अन्तर्गत प्रचार सामग्री तयार नहुँदा द्रुत गतिमा अगाडि बढाउन समस्या भएको भन्दै भिडियो डकुमेन्ट्रि, अर्घाखाँची वेवसाइट, ब्रोसर, गीत तयार भएको र अब पालिकास्तरमा भूमिकास्थान नगरपालिका मालारानी गाउँपालिका, छत्रदेव गाउँपालिकामा पालिका स्तरिय कार्यक्रमहरु समेत सम्पन्न गरी पाणिनी सन्धिखर्क, सितगंगा नगरपालिकामा कार्यक्रम गर्ने प्रचार-प्रसार गर्ने अभियान अगाडि बढेको महासंघका अध्यक्ष अशोक कुमार खनालले जानकारी दिए ।

खनालका अनुसार अब जिल्ला बाहिरका महत्वपूर्ण शहरहरुमा पनि कार्यक्रम सञ्चालन गरी अर्घाखाँचीको पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने गरी कार्यक्रम तय गरिएको छ ।

'बीचमा व्यवस्थित कार्यक्रम नभए पनि प्रचारका काम त निरन्तर गर्दै आएका छौं,' अध्यक्ष खनालले भने । पर्यटन सूचना डेक्सबाट अर्घाखाँची जिल्लाको पर्यटकीय स्थलहरुको चिनारी, सुपादेउराली मन्दिरमा आउने धार्मिक पर्यटकलाई जिल्लाका अन्यत्र स्थानमा रहेका महत्वपूर्ण तर ओझेलमा परेका प्रचार-प्रसार हुन नसकेका ठाउँहरुसम्म लैजाने गरी विभिन्न पर्यटन प्रचार सामग्रीमार्फत एक जना कर्मचारीले गाइड गरी व्यवस्थित रुपमा प्रचार-प्रचार गर्न लागिएको छ । यो अभियानले निकै सफलता प्राप्त गरेको अभियानका प्रवक्ता हृदय भुसालले बताए ।

अर्घाखाँची जिल्लाका मुख्य पर्यटकीय गन्तव्यमा पुगि स्थलगत रिपोर्टिङ गर्ने, जिल्ला बाहिरसम्म पुगि अर्घाखाँची घुम्न जाउ भन्ने अभियान चलाउने पत्रकार महासंघका कोषाध्यक्ष रुद्रमणी भुसालले बताए । अर्घाखाँची जिल्लामा रहेका पर्यटकीय धार्मिक स्थलहरुमा अहिले धार्मिक पर्यटकको संख्यामा निकै वृद्धि भएको भूमिकास्थान नगरपालिका वडा नम्बर ९ डेभा चौतारी डाँडामा रहेको सुपादेउराली मन्दिरले समेत पुष्टि गरेको छ । अर्घाखाँची जिल्लाका वरिष्ठ पत्रकार मुक्तिनाथ भुसालले व्यक्तिगत लगानी गरी निर्माण गरिएको यो मन्दिरमा अहिले दर्शन गर्न आउनेको संख्यामा उल्लेखनीय वृद्धि भएको स्थानीय चिरञ्जीवी भुसालले बताए ।

# तलब नपाएपछि पालिका बन्द गरेर कर्मचारीले सीडीओलाई बुझाए साँचो

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २१ चैत



दश महिनादेखि तलब नपाएपछि रौतहटको फतुवा विजयपुर नगरपालिकाका कर्मचारी र वडा सचिवहरुले बुधबारदेखि कामकाज ठप्प पारेका छन् ।

कर्मचारीले पालिकामा तला लगाइ ज्ञापनसहित प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीलाई साँचो बुझाएका छन् । गाउँगाउँमा सिंहदरबारको अवधारणासहित स्थापना भएको स्थानीय तहमा राजनीतिक जुधाइको कारण सिंगो नगरपालिकामा अनिर्णयको बन्दी बन्दै जाँदा कर्मचारीहरु पिल्सिदै गएको उदाहरण अहिले फतुवा बिजयपुर नगरपालिका बनेका छन् ।

पहिलो आर्थिक वर्ष जेनतेन चलेपनि दोस्रो आर्थिक वर्षमा राजनीतिक लडाइँको कारण नियमित समयमा नगरअधिवेशन हुन नसक्दा कर्मचारीको तलवभत्ता सहित विकास निर्माणका कार्यहरु प्रभावित बन्दै जाँदा फतुवा विजयपुर नगरपालिकाको अवस्था लथालिंग बन्दै गएपछि सोको मारमा कर्मचारीहरु परेका छन् ।

तलब भत्ताको माग गर्दै कार्यालयका कर्मचारीहरुसहित त्यसपालिकाभित्रका सम्पूर्ण सामुदायिक विद्यालयका शिक्षकहरु आन्दोलनका साथै धर्ना प्रदर्शन गरेका थिए । तर जति विरोध जनाएपनि कर्मचारीले तलब भने पाउन सकेका छैनन् ।

प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधानले आफुलाई अहिलेसम्म कार्यवाहक मेयर अम्बेया खातुनले अख्तियारी नदिएकी भन्दै कामकाज गर्न धेरै समस्या भएको बताए । फतुवा विजयपुरकी कार्यवाहक मेयर अम्बेया खातुनले आफू अनपढ भनेर कर्मचारीले फसाउन खोजेको आरोप लगाए ।

यता केही दलका नेता र नगरकै जनप्रतिनिधिको इसारामा आम्दानी भन्दा बढी खर्चमा हस्ताक्षर गराइ कर्मचारीले आफूलाई फसाउन खोजेको मेयर खातुनले आरोप लगाएकी छन् ।

असार १० गतेभित्र हुनुपर्ने नगरसभा समयमा हुन नसक्दा फतुवा विजयपुर नगरपालिकामा आर्थिक कारोवार ठप्प भएको छ ।

नगरभरिका शिक्षक कर्मचारी गरी ३ सय ५० जनाले गत साउनदेखि तलव पाउन नसकेको कारण पटक-पटक आन्दोलन गर्दै आएका छन् । लालबकैया नदीको टेण्डरमा अख्तियारद्वारा दोषी ठहर भएका तत्कालिन मेयर गोपाल राय यादवलाई विशेष अदालतले १५ लाख रुपैयाँ जरिवाना र तीनवर्ष कैद फैसला गरेपछि उनको पद रिक्त भएको थियो ।

गत आर्थिक वर्षमा तत्कालिन उपमेयर अम्बेया खातुनले कार्यवाहक मेयरको जिम्मेवारी पाएपछि बजेटको भागवण्डाको विषय लिएर उनी र वडा अध्यक्ष तथा नगर कार्यपालिका सदस्यहरुबीच पटक-पटक विवाद हुँदै आएको छ । फतुवा विजयपुर नगरपालिका भएदेखि नै त्यहाँ कार्यरत शिक्षक कर्मचारी तलब पाउनकै लागि वर्षेनी आन्दोलन गर्दै आएका छन् ।

फतुवा विजयपुर नगरपालिकामा नेपाली कांग्रेस पार्टीबाट निर्वाचित जनप्रतिनिधि पूर्ण बहुमतमा रहेपनि एउटै पार्टीबीच एक अर्कालाई असफल बनाउने षड्यन्त्र चलेको कारण यहाँका सैयौं कर्मचारी र हजारौं नागरिकले दुःख पाएका छन् ।

## २५ बालबालिकालाई मायाको चिनोसहित बिदाइ

**हुम्ला/मस-** गुडनेवर्स इन्टरनेशनल नेपाल हुम्लाले आफ्नो कार्यकालको बाल प्रयोजित अवधि पुगेका सिमकोट गाउँपालिकाका २५ जना बालबालिकालाई मायाको चिनो दिएर बिदाइ गरेको छ । सिमकोट गाउँपालिका भरी ६६ जना बालबालिकालाई बिदाइ गर्नुपर्ने भएपनि पहिलो चरणमा २५ जना बालबालिकालाई कार्यालयबाट सेवा दिने अवधि सकिएपछि बिदाइ गरिएको गुडनेवर्स इन्टरनेशनल नेपाल हुम्लाका जिल्ला संयोजक नारायण प्रसाद चौधरीले बताए ।

संयोजक चौधरीका अनुसार गुडनेवर्स इन्टरनेशनल नेपालको आर्थिक सहयोग र किडार्क नेपाल हुम्लाको सहकार्यमा बालबालिकालाई पढाइका लागि आवश्यक पर्ने सामग्री दिँदै आएको १८ वर्ष अवधि सकिएपछि कार्यालयले मायाको चिनो दिएर बालबालिकालाई बिदाइ गरेको हो । न्यून आयस्रोत, टुहुरा, अपांग,भएका बालबालिकालाई पढाइको लागि कापी, कलम, लत्ताकपडा हरेक महिना दिँदै आएको भएपनि १८ वर्ष पूरा भएपछि कार्यालयले सेवा सुविधा कटौती हुने भएकाले कार्यक्रम राखेर बिदाइ गरिएको चौधरीले बताए । मायाको चिनो ग्रहण गर्दै बालबालिकाले संस्थालाई धन्यवाद समेत दिएका थिए । मायाको चिनो कार्यक्रममा सिमकोट गाउँपालिका ५ का वडाध्यक्ष चीन रावत, गुडनेवर्स इन्टरनेशनल नेपालका जिल्ला संयोजक चौधरी, किडार्क नेपालका लेखा अधिकृत तुलाराम बुढाथोकी लगायतको उपस्थिति रहेको थियो ।


**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/१०/२७ मा दर्ता भएको **प्रा.लि. नं. ३०७०१४** को **ब्रेज्ड चिकेन विथ दल्स प्रा.लि.** को मिति २०८०/११/१२ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९७४६४९१७१३, ईमेल :** rokayasherbahadur723@gmail.com



**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभाग**
**(प्रशासन, योजना तथा दर्ता शाखा)**

**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था श्री **International Recruitment Pukar Pvt.ltd.** ले यस विभाग समक्ष झापा जिलनगरपालिका वडा नं.०८ स्थित शाखा कार्यालय रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८०/१२/२० को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालयको इजाजतपत्रपत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।



**Vacancy Announcement**

One of the reputed recruitment manpower agency is seeking for following applicants.

Marketing Staff - Male/Female 2
Document Controller - Female 2

SALARY Negotiable

**Requirements:**
- ★ Educational qualification Bachelor pass.
- ★ Well knowledge of computer Photoshop & Nepali typing skill.
- ★ Fluent in both speaking and writing in English.
- ★ Minimum 2 years experience in the recruitment field.

*Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph at capital2004@yahoo.com*

**Capital International Manpower Pvt. Ltd.**
(श्रम इजाजत नं: ५८३/०६१/०६२)
बसुन्धारा, काठमाडौं, फोन नं.: ४९५९७७२, ४९८४१९०, ४९८४१९१
मोबाइल ९८५१०९९३००, ९८१६७९७९७८, ९८२३८३१६२९, ९८१८३०६३३६, ९८१०२१९३४५
" Real Happiness Lies in Making Other Happy"



# Cyprus मा पुरुषलाई रोजगारको अवसर

कम्पनी: **C&C Private Employment Agency., Cyprus, Paphos .**

पूर्व स्वीकृती मिति २०७९।११।२५ चलानी नं. ६०१९७८३४ LT.No. 282394 पूनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 05 | काममा दक्ष | 800 | १,१४,४३२।- | ५ दिन | ८ घण्टा | कं. नि. | अनुसार | छ | छ | २ बर्ष |
| 2 | Plumber | 05 | | 800 | १,१४,४३२।- | | | | | | | |
| 3 | SPA Therapist | 10 | | 800 | १,१४,४३२।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु.३०,०००।- |

अन्तर्वार्ता २०८० चैत्र २९ गते (11 April, 2024) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला ।४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

**Apps Services Pvt.Ltd.**
Govt. Lice. No.: 1172/073/074
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com



# कतारमा बैदेशिक रोजगारीको अवसर

कम्पनिको नाम: Al Fuhaimai Trading And Contracting WLL ठेगाना: Doha, Qatar

पूर्व स्विकृती मिति : 2080/12/21 लट नं.: 303017 चलानी नं.: 60217832

| नं. | कामदारको पद | माग संख्या | मासिक तलव QR | मासिक तलव NRS | न्युनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा सुविधा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 2 | Gen. Cleaning Worker | 1 Female | 1200 | 43892 | सम्बन्धित काममा दक्ष | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ बर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने वा नदिने | स्वदेशमा लाग्ने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने वा नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने, कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | प्रबर्द्धन शुल्क |
|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने, रोजगारदाताले | नि:शुल्क | नि:शुल्क | रु. ७००, कामदार आफै | नि:शुल्क |

अन्तर्वार्ता कम्पनीको प्रतिनीधिबाट 2080/12/29 गते यस कार्यलयमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**GOOD LIFE INTERNATIONAL EMPLOYMENT AGENCY NEPAL PVT. LTD.**
Lic No.: 17/047/048
PO Box: 2118, KATHMANDU-32, KOTESHWOR, NIKHILESHWOR MARGA, KATHMANDU, NEPAL TEL: 01-5100669,
E: info.goodlifenepal@gmail.com, W: www.goodlifenepal.com



# UAE मा रोजगारको अवसर

कम्पनी: STAR SERVICES L.L.C.
शहर: UAE

पूर्व स्वीकृत मिति: २०८०/१२/२१ चलानी नं.: ६०२१७८३६ LT. No.: 303024

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 15 | 0 | स. काममा दक्ष | 1800 | ६५,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Data Entry Operator | 10 | 0 | | 1600 | ५८,००० | | | | | | | |
| 3. | E-packer/packer | 50 | 0 | | 900 | ३२,६२५ | | | | | | | |
| 4. | Fabricator | 15 | 0 | | 2000 | ७२,५०० | | | | | | | |
| 5. | Helper/ordinary Labourer/loading Unloading | 50 | 0 | | 800 | २९,००० | | | | | | | |
| 6. | Machinist | 15 | 0 | | 2000 | ७२,५०० | | | | | | | |
| 7. | Plumber | 15 | 0 | | 1800 | ६५,२५० | | | | | | | |
| 8. | Sand Blaster/blaster | 10 | 0 | | 1700 | ६१,६२५ | | | | | | | |
| 9. | Skilled Helper(Electrical/mechanical/instrumental/ | 50 | 0 | | 900 | ३२,६२५ | | | | | | | |
| 10. | Spray Painter | 10 | 0 | | 1700 | ६१,६२५ | | | | | | | |
| 11. | Technician(Electrical/mechanical/instrumental/tele | 25 | 0 | | 2000 | ७२,५०० | | | | | | | |
| 12. | Vna Operator(Uae D/l) | 50 | 0 | | 2000 | ७२,५०० | | | | | | | |
| 13. | Warehouse Helper/general Helper | 50 | 0 | | 1100 | ३९,८७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० चैत २९ गते (11 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

